नेपाल धितोपत्र बोर्ड वाट  अनुमतिपत्र प्राप्त

# नेपाल स्टक एक्सचेञ्ज लिमिटेड
(नेपाल सरकारको स्वामित्व भएको)
# Nepal Stock Exchange Limited
(An undertaking of Govt. of Nepal)

**पत्र संख्या :**
Ref. No.-*Listing- All list com-Notice-2075/76/400*

मिति : २०७५/०८/२६

श्री सम्पूर्ण सूचीकृत कम्पनीहरु,

ध्यानाकर्षण : प्रमुख कार्यकारी अधिकृत/कम्पनी सचिव

**बिषय : धितोपत्र बजार मुल्यमा प्रभाव पार्ने सूचना सम्प्रेषण बारे ।**

सूचीकृत कम्पनीहरुको धितोपत्र बजारमा संस्थागत गतिविधि तथा सूचना प्रवाह गर्दा अस्पष्ट र अपूर्ण सूचना दिने गरेको कारणबाट सर्वसाधारण लगानीकर्तामा सिर्जना हुन गएको अन्यौल प्रति नेप्सेको गम्भिर ध्यानाकर्षण भएको छ । तसर्थ सूचीकृत संगठित संस्थाहरुले यस्ता कार्यहरु गर्दा सजग भई कार्य गर्न धितोपत्र सूचीकरण विनियमावली, २०७५ को परिच्छेद-६ विनियम २२ र धितोपत्र सूचीकरण सम्झौता अनुसारका प्रत्येक शर्त बमोजिम छुट्टा छुटै सूचना, जानकारी तथा विवरणहरु तोकिएको समयमा, सरल, आम जनमानसमा स्पष्ट बुझ्न सकिने, दोहोरो अर्थ नलाग्ने आवश्यकता अनुसार अक्षर तथा अंकमा उल्लेख गरी समयै सम्प्रेषण गर्न अनुरोध छ । तोकिए बमोजिम सूचना समयमै सम्प्रेषण नगरेमा विनियमावलीको विनियम १६ बमोजिम सूचीकरण स्थगन गरि धितोपत्र सम्वन्धी ऐन, २०६३ को व्यवस्थानुसार आवश्यक कारवाही गर्ने व्यहोरा समेत निर्देशानुसार अनुरोध छ ।

भवदीय,

.............
सुवोध ढुङ्गेल
का.मु. सहायक प्रबन्धक
(सूचीकरण शाखा)

वोधार्थ:
नेपाल धितोपत्र बोर्ड
जाउलाखेल, लतितपुर ।

**पुनश्यः** धितोपत्र कारोवार तथा मुल्यसंग सम्वन्धित संचालक समितिको निर्णय यथासम्भव तुरुन्त वा कारोवार खुल्नु अगावै पठाउन हुन अनुरोध छ ।

listing@nepalstock.com

**पो. ब. नं. १५५०, युएनआई शान्तिमार्ग, भद्रकाली, काठमाण्डौ, नेपाल ।**
**Tel.: 4250758, 4250735  Fax: 4262538 E-mail :info@nepalstock.com**